नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

( स्थानीय तह समन्वय शाखा)

नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरबार, काठमाण्डौं

पत्र संख्या:-२०७६/०७७
चलानी नं.:-१५

मिति:-२०७६/०४/०९

विषय:- राय/ प्रतिक्रिया/ सुझाव सम्बन्धमा ।

श्री स्थानीय तह (सबै) ,

प्रस्तुत विषयमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको प.सं.२०७६/०७७, च.नं. ०८, मिति २०७६/०४/०८ को बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा संशोधनको लागि प्रस्तावित तीन महलेको मस्यौदाको राय/प्रतिक्रिया/सुझावका लागि सबै स्थानीय तहहरुमा पत्राचार गरिदिनुहुन भनी अनुरोध भई आएकोले सो सम्बन्धमा आवश्यक राय/प्रतिक्रिया/सुझाव पठाईदिनुहुन आदेशानुसार अनुरोध छ । श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ मा संशोधनको लागि प्रस्तावित तीन महलेको मस्यौदा यसैसाथ संलग्न छ ।

(जनकराज शर्मा)
शाखा अधिकृत

**बोधार्थ:**

श्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, सिंहदरबार, काठमाण्डौं ।

श्री सूचना तथा प्रविधि शाखा, website मा upload गर्नुहुन ।

नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

(बाल श्रम निवारण तथा व्यवसायजन्य सुरक्षा शाखा)

पत्र संख्याः २०७६।७७ चलानी संख्या : बा.श्र.नि.व्य.सु. ०८

मिति: २०७६/०४/०८

श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिहदरबार।

विषय : राय/ प्रतिक्रिया/ सुझावका लागि

बालश्रम (निषेध तथा नियमित गर्ने) ऐन, २०५६ को संशोधनका लागि प्रस्तावित तीन महलेको मस्यौदा यसैसाथ संलग्न रहेको छ। उल्लेखित ऐनको संशोधनको मस्यौदा सबै स्थानीय तहहरुको राय/प्रतिक्रिया/सुझावका लागि प्रेषित गरिदिनुहुन नेपाल सरकार (मन्त्रीस्तर) को मिति २०७६/०४/०७ को निर्णयानुसार अनुरोध छ।

(राजेश्वरी सापकोटा)
शाखा अधिकृत

## बालश्रम (निषेध र नियमित गर्ने) ऐन २०५६

### संशोधनका लागि प्रस्तावित तीन महले फाराम:

| दफा: | मौजुदा ऐनको व्यवस्था: | प्रस्तावित व्यवस्था: | कारण: |
|---|---|---|---|
| २ | परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–<br>(ख) "प्रतिष्ठान" भन्नाले कुनै उद्योग, व्यवसाय वा सेवा संचालन गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापित कुनै कल कारखाना, संगठन, संस्था, फम, कम्पनी वा तिनीहरुको समूह सम्झनु पर्छ ।<br><br>(ग)"व्यवस्थापक" भन्नाले कुनै प्रतिष्ठानको क्रियाकलापमा अन्तिम निर्णय लिने व्यक्ति सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वा अधिकार प्रयोग गर्न पाउने गरी प्रतिष्ठानको कुनै भाग वा इकाईको प्रमुख पदमा नियुक्त भएको व्यक्ति समेतलाई जनाउँछ । | दफा २ मा संशोधन,<br>(क) खण्ड (ख) र खण्ड (ग) को सट्टा देहायका खण्ड (ख) र खण्ड (ग) राखिएका छन् :-<br>"(ख) "प्रतिष्ठान" भन्नाले मुनाफा आर्जन गर्ने वा मुनाफा नगर्ने गरी उद्योग, व्यवसाय वा सेवा गर्ने उद्देश्यले प्रचलित कानून बमोजिम स्थापना, संस्थापना, दर्ता वा गठन भएको वा सञ्चालनमा रहेको कुनै कम्पनी, प्राइभेट फर्म, साझेदारी फर्म, सहकारी संस्था वा संघ वा अन्य संस्था सम्झनु पर्छ।,<br>(ग) "व्यवस्थापक" भन्नाले प्रतिष्ठानको कार्यकारी प्रमुखलाई सम्झनु पर्छ र सो शब्दले अन्तिम जिम्मेवारी वहन गर्ने वा अधिकार प्रयोग गर्ने गरी नियुक्त कुनै शाखा वा इकाईको प्रमुखलाई समेत जनाउँछ।"<br><br>(ख) खण्ड (ज) पछि खण्ड (झ), (ञ), (ट) र (ठ) थप गरिएका छन् :-<br>"(झ) "रोजगारदाता" भन्नाले श्रमिकलाई काममा लगाउने व्यक्ति वा प्रतिष्ठान सम्झनुपर्छ र सो शब्दले प्रतिष्ठानको हकमा व्यवस्थापकलाई समेत जनाउँछ।,<br>(ञ) "श्रम विभाग" भन्नाले श्रम तथा व्यवसायजन्य सुरक्षा विभाग सम्झनुपर्छ।,<br>(ट)"श्रम कार्यालय" भन्नाले श्रम तथा रोजगार कार्यालय सम्झनुपर्छ।"<br>(ठ)"मन्त्रालय" भन्नाले श्रम, रोजगार तथा सामाजिक सुरक्षा | श्रम ऐन, २०७४ मा "प्रतिष्ठान" तथा "व्यवस्थापक" यसै बमोजिम परिभाषित गरेकोले एकरुपता कायम गर्न।<br><br>रोजगारदाताको परिभाषाले औपचारिक तथा अनौपचारिक क्षेत्र समेट्ने भएकोले।<br><br>विभाग र कार्यालयको नाम मिलाउनु पर्ने भएकोले। |

| | | | |
|---|---|---|---|
| १० | पारिश्रमिक र सुविधाः (३) उपदफा (२) बमोजिम तोकिएको पारिश्रमिक र सुविधाभन्दा कम पारिश्रमिक र सुविधा दिने गरी व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा काममा लगाउनु हुँदैन | दफा १० को उपदफा (३) मा रहेको "व्यवस्थापकले बालकलाई प्रतिष्ठानमा " भन्ने शब्दहरुका सट्टामा "रोजगारदाताले बालकलाई" भन्ने शब्दहरु राखिएको छ, | औपचारिक तथा अनौपचारिक दुबै क्षेत्रले बालकलाई पारिश्रमिक र सुविधाको व्यवस्था गर्नु पर्ने भएकोले। |
| १२ | उमेर सम्बन्धी विवादः<br>(२) कुनै बालकको जन्म दर्ता प्रमाणपत्र नभएमा चिकित्सकद्वारा स्वास्थ्य परीक्षण गर्राई निश्चित गरिएको उमेर नै निजको वास्तविक उमेर मानिनेछ । | दफा १२ को उपदफा (२) को "नभएमा" भन्ने शब्दको पछाडी "अस्पतालबाट जारी भएको बालबालिकाको जन्म प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालयको चारित्रिक प्रमाणपत्रमा उल्लिखित जन्म मिति वा विद्यालय भर्ना हुँदामा बखत उल्लेख गरेको जन्म मिति वा" भन्ने शब्दहरु राखिएका छन् । | बालबालिका सम्बन्धी ऐन २०७५ अनुकुल प्रस्ताव गरिएको। |
| १५ | निरीक्षण तथा कारबाहीः (१) श्रम कार्यालयले समय समयमा कुनै कर्मचारीलाई बालकलाई काममा लगाउने प्रतिष्ठानको निरीक्षण गर्न खटाउन सक्नेछ । | दफा १५ मा संशोधन<br>(क) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ।<br>(१) श्रम कार्यालय वा प्रदेश वा स्थानीय तहले कुनै कर्मचारीलाई बालश्रम राखेको लिखित वा मौखिक सूचना प्राप्त भएमा वा उजूरी नभएको अवस्थामा समेत रोजगारदाताकोमा निरीक्षण गर्न खटाउन सक्नेछ।<br>(ख) उपदफा (२) पछि उपदफा (३) थप गरिएको छ।<br>"उपदफा (१) बमोजिम निरिक्षण गर्दा बालश्रम राखेको पाईएमा निरीक्षण गर्ने निकायले यस ऐनको अधिनमा रही कारवाही प्रक्रिया अगाडी बढाउन सक्नेछ ।" | संघीयताको मर्म अनुरुप व्यवस्था गर्न पर्ने भएकोले। |
| १७,१८ | दफा १७ र १८ मा संशोधन, | दफा १७ र १८ को ठाँउ ठाँउमा रहेको "श्रम कार्यालय" भन्ने शब्दको सट्टामा "निरीक्षणका लागि खटाइएको निकाय" भन्ने शब्दहरु राखिएका छन्। | |
| १९ | दण्ड सजायः<br>(१) कसैले दफा ३ को उपदफा (१) विपरीत काम गरेमा निजलाई तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा | दफा १९ मा संशोधन,<br>(क) उपदफा (१) मा रहेको "दश हजार" भन्ने शब्दको सट्टामा "बीस हजार देखि एक लाख" भन्ने शब्दहरु राखिएका छन्,<br>(ख) उपदफा (२) मा रहेको "पचास हजार" भन्ने शब्दको सट्टामा | बालश्रम राखी अपराध गर्नेमाथि थप सजाय गर्न आवश्यक भएकोले । |

| | | | |
|---|---|---|---|
| १९ | दफा १९ पछि दफा १९(क), १९(ख) र १९(ग) थप गरिएका छन्। | **१९(क),**<br>बाबुआमा, परिवारको सदस्य वा संरक्षकले जवर्जस्ती अनुसूचीमा उल्लेखित जोखिमपुर्ण, निकृष्ट र शोषणयुक्त काममा लागेमा निज बाबुआमा वा संरक्षक वा परिवारको सदस्यलाई कार्यालयले वा स्थानीय तहले चेतावनी दिई सो काममा नलगाउन आदेश दिनसक्नेछ ।<br>**१९(ख),**<br>बालकको समुह बनाई बालश्रम राख्नेलाई थप सजायः कसैले दुई भन्दा बढी बालकको समुह बनाई यस ऐन विरुद्ध बालश्रम राखेमा त्यस्तो रोजगारदातालाई यस ऐन बमोजिम हुने सजायमा थप २ बर्ष कैद वा दुई लाख सम्म जरिवाना वा दुबै सजाय हुनेछ । | राम्रो काम लगाई दिने भन्दै बालबालिकाहरुलाई घरपरिवार भन्दा टाढाँ पुर्याई त्यस्ता बालबालिकाहरुको चरम शोषण व्यवसायमा राख्ने गरेको पाईएकोले बालबालिकामाथि संगठित रुपमा भएको अपराधलाई नियन्त्रण गर्न थप सजाय गर्न आवश्यक भएकोले । |
| २० | उजूरी र हदम्यादः (१) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा देहाय बमोजिमको व्यक्ति वा संस्थाले सम्बन्धित श्रम कार्यालयमा उजूरी दिन सक्नेछः-<br>(क) दफा १५ बमोजिम प्रतिष्ठानको निरीक्षण गर्ने कर्मचारी,<br>(ख) सम्बन्धित इलाकाको प्रहरी,<br>(ग) सम्बन्धित बालक वा निजको बाबु, आमा वा संरक्षक,<br>(घ) सम्बन्धित गाउँपालिका·<br>वा नगरपालिका,<br>(ङ) प्रतिष्ठान स्तरको ट्रेड युनियन, वा<br>(च) बालकको हक र हितको संरक्षणको निमित्त कार्यरत प्रचलित कानून<br>बमोजिम स्थापित निकाय वा गैरसरकारी संस्था । | दफा २० मा संशोधन,<br>(क) उपदफा (१) को सट्टामा देहायको उपदफा (१) राखिएको छ।<br>(१) ऐन अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा कुनै पनि व्यक्ति, समूह वा प्रचलित कानून बमोजिम स्थापित निकायले सम्बन्धित श्रम कार्यालय वा स्थानीय तहमा उजूरी दिन सक्नेछ।<br>(ख) उपदफा (२) र (३) थप गरिएका छन्।<br>(२) यस ऐन अन्तर्गत सजाय हुने कसूरको सम्बन्धमा सो कार्य भए गरेको मितिले एक वर्षभित्र उजूरी दिनु पर्नेछ। तर बालक स्वयमले १८ बर्ष पूरा भएको मितिले १ बर्षभित्र आफुलाई बालश्रममा राख्नेका विरुद्ध उजुरी दिन यस उपदफाले बाधा पुर्‍याएको मानिने छैन ।<br>(३) तर उजुरीकर्ताले आफ्नो नाम तथा ठेगाना गोप्य राख्न चाहेमा श्रम कार्यालय वा स्थानीय तहले त्यस्तो उजुरीकर्ताको नाम र ठेगाना गोप्य राख्नु पर्नेछ । | उजूरी गर्न सक्नेको दायरा फराकिलो बनाउन तथा हदम्यादको अवधि बढाउन उपयुक्त हुने भएकोले।<br>"सूचना दिने व्यक्ति (Whistle blower)" को सुरक्षा राज्यको दायित्व भएकोले। |

| | | | |
|---|---|---|---|
| | | सम्बन्धित स्थानीय तहले सरोकारवाला निकायसँग समन्वय गरी आवश्यक कार्ययोजना स्वीकृत गरी कार्यान्वयन गर्नेछ । | बालबालिकाको उद्धार, पुनर्स्थापना वा परिवारमा पुनर्मिलनका लागि विशेष कार्यक्रम तय गरी लागु गर्न सके मात्र बालश्रमलाई नियन्त्रण गर्न सकिने देखिएकोले। |
| २७ | २७. नियम बनाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ । | दफा २७ को सट्टामा देहायको दफा २७ राखिएको छ।<br>नियम, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार: यस ऐनको उद्देश्य कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश वा स्थानीय तहले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाई लागु गर्न सक्नेछ। | बालश्रम प्रभावकारी रुपमा नियन्त्रण गर्न निर्देशिका तथा कार्यविधि समेत आवश्यक पर्ने देखिएकोले । |
| २८ | २८. खारेजी र संशोधनः (१) श्रम ऐन, २०४८ को,- (क) दफा २ को खण्ड (ज) झिकिएकोछ ।<br>(ख) दफा २ को खण्ड (झ) मा रहेको "चौध वर्ष" भन्ने शब्दहरुको सट्टा "सोह्र वर्ष" भन्ने शब्दहरु राखिएका छन्।<br>(ग) दफा ५ को उपदफा (१) झिकिएकोछ ।<br>(घ) दफा ३२ पछि देहायका दफा ३२क. र ३२ख. थपिएका छन्:- | दफा २८ को उपदफा (१) र उपदफा (२) हटाइएको छ। | |
| २९ | दफा ५,७,८, र २० मा संशोधन, | दफा ५,७,८ र २० मा रहेको "श्रम कार्यालय" भन्ने शब्दहरुको पछाडी "वा स्थानीय तह" भन्ने शब्द राखिएको छ। | संघीयताको मर्म अनुरुप व्यवस्था गर्न पर्नेभएकोले। |
| ३० | दफा ६, ७, ८, ९,१०,११,१२,१३,१४, १५, १६,१७,१८,१९,२३ मा संशोधन, | (१) दफा ६, ७, ९, १०,१३, १४,१६,१७,१८,२३ को ठाँउ ठाँउमा रहेका "प्रतिष्ठान" भन्ने शब्दका सट्टामा "रोजगारदाता" भन्ने शब्द राखिएको छ।<br>(२) दफा ८ को उपदफा (१) को खण्ड (ग) बाहेक अन्य ठाँउमा रहेका "प्रतिष्ठान" भन्ने शब्दका सट्टामा "रोजगारदाता" भन्ने | औपचारिक तथा अनौपचारिक दुबै क्षेत्रलाई समेटी बालश्रम न्यूनिकरण गर्न आवश्यक भएकोले। |

| | | | |
|---|---|---|---|
| | | प्रदर्शनका लागि र वेश्यावृत्तिको लागि बालकको प्रयोग<br>३. अवैध क्रियाकलापहरु विषेश गरी लागुऔषधको उत्पादन र ओसारप्रसारका लागि बालकको प्रयोग<br>४. बालकको स्वास्थ्य, सुरक्षा वा नैतिकतालाई हानी गर्ने वा गर्न सक्ने कामहरु | |